# मिक्वाखोला गाउँपालिकाको

# आर्थिक वर्ष

# २०८१/८२ को

# नीति तथा कार्यक्रम

**गाउँसभाका उपाध्यक्ष ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**गाउँसभाका माननीय सदस्य ज्यूहरू,**
**उपस्थित राष्ट्र सेवक कर्मचारीहरू,**
**राजनैतिक पाटीका प्रतिनिधि ज्यूहरू,**
**संचारकर्मी तथा पत्रकार मित्रहरू !**
**अन्य उपस्थित महानुभावहरु**
**तथा पालिका, देश- विदेशका विभिन्न स्थानबाट प्रत्क्षय प्रशारण मार्फत यस कार्यक्रम हेर्दै गर्नुभएका महानुभावहरु,**

नेपालको संविधान बमोजिम दोस्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट हामी दोस्रो कार्यकालका लागि निर्वाचित भएको दुई वर्ष पूरा भइ तेश्रो वर्षमा काम गर्दैछौं" । निर्वाचनको बेला घोषणा-पत्र मार्फत जनतालाई दिएको वचन एक एक गरी पूरा गर्ने क्रममा छौं" । शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी, भौतिक पूर्वाधार, पर्यटन, कृषि भाषा धर्म तथा संस्कृती र सुशासन हाम्रा प्राथमिकताका विषयहरू हुन् । हामी जनप्रतिनिधिहरूले आफ्नो क्षमताले भ्याएसम्म संविधान र प्रचलित कानुनको परिधिभित्र रहेर जनताको सेवा गर्दैछौं" ।

मिक्वाखोला गाउँपालिकालाई आजको अवस्थासम्म ल्याइ पुऱ्याउन स्थानीय जनता, पूर्व जनप्रतिनिधिहरूको निकै ठूलो भूमिका रहेको छ । आजको दिन उहाँहरूको योगदानको उच्च सम्मान गर्छौं । उहाँहरूले गर्नुभएको योगदानले निरन्तर जनताको सेवामा समर्पित भएर लाग्न हामीलाई प्रेरणा प्राप्त भएको छ ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघीय शासन प्रणाली बमोजिम तीन तहका सरकार गठन भई विकास, संमृद्धि र सुशासन मार्फत दिगो शान्तीको मार्गमा मुलुक अघि

बढी रहेको छ । जनतालाई स्थानीय स्तरबाटै सेवा प्रवाह गर्दै उनीहरुको हक अधिकारको सुरक्षा गर्न, शासन प्रणालीमा अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्दै, विकासका बहुआयामिक पक्षहरूमा स्थानीय जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका लागि स्थानीय तहको परिकल्पनाको लागि सुखी र खुसी सम्बृध मिक्वाखोला गाउँपालिका बनाउने प्रयास गरिएको छ ।

लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण मार्फत दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक शासन प्रणालीलाई स्थापना गर्न, राष्ट्रहित, लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपालका विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा विभिन्न आन्दोलनहरूका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरू प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु। साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका तथा वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। “आत्म निर्भर र समृद्ध मिक्वाखोला - सुखी मिक्वाखोला वासी” निर्माणको दिर्घकालिन लक्ष्य तथा सुशासन सहित अगाडी बढिरहेको मिक्वाखोला गाउँपालिकाको यस गरिमामय गाउँसभा को १८ औं अधिवेशन समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१-८२ को उपस्थिति कार्यक्रममा बुद्धिजीवि, पेशाकर्मी, राजनैतिक दल, तथा गाउँ वासीको सल्ला सुझावलाई आत्मासाथ गरी नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति भएको छ ।

**उपस्थित गाउँसभा सदस्य ज्यूहरू,**

अब म, यस सभामा आगामी आर्थिक वर्ष २०८१-८२ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस वर्षको नीति तथा कार्यक्रममा मिक्वाखोला वासीको स्वास्थ्य, तथा शिक्षालाइ पहिलो प्राथमिकतामा राखी व्यावसायिक कृषि, भौतिक पूर्वाधार, सडक सञ्जाल, स्वास्थ्य शिक्षा पर्यटन तथा संस्कृती र रोजगारमुलक क्रियाकलापलाई मुख्य ध्यानमा राखिएको छ।

## यस गरिमामय गाउँसभामा आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम पेश गर्दछु ।

नेपालको संविधानले अंगिकार गरेको राष्ट्र तथा राज्य निर्माणको मार्गमा मिक्वाखोला गाउँपालिकाले अग्रगामी कदमहरु निरन्तर रुपमा चलायमन पार्ने प्रतिवद्दतालाई आत्मसात गर्दै स्थानीय सरकारको प्रत्याभूत जनस्तर माझ पुऱ्याउने कार्यको आरम्भ गर्दछौ । अबको समयमा सबल, सक्षम र प्रभावकारी स्थानीय तहको अवधारणालाई सार्थकता प्रदान गर्न आफ्नो ठाउँ आफैं बनाऊ भन्ने मुलमन्त्रलाई समेत ह्रदयङ्गम गर्दै यस मिक्वाखोला गाउँपालिकाको गरिमामय गाउँ सभाले सातौ पटक मिक्वाखोला गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तय गर्न सफल भएको छ । हिजोको केन्द्रिकृत शासन व्यवस्थाको अभ्यासको कारण दुर दराज भनेर चिनिन पुगेको यस मिक्वाखोला गाउँपालिकाले गाउँमा सिंहदरबारको अनुभूत दिलाउने संविधानको चुनौतिपूर्ण परिकल्पनालाई सार्थकता दिने कार्यको थालनी भएको छ ।

समुन्नत र समृद्ध मिक्वाखोला गाउँपालिकाको निर्माणको लागि सबै विचारधाराका निर्वाचित जनप्रतिनिधिहरु, विकास साझेदार तथा सरोकारवालाहरु, स्थानीय वुद्धिजिवीहरु, पेशाकर्मी, नागरिक समाज, दबाब समूह, शिक्षकवर्ग, विद्यार्थीहरु, सञ्चारकर्मीहरु, सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, दातृ निकायहरु, अन्तर्राष्ट्रिय संघ संगठनहरु, श्रमिक वर्ग, व्यवसायी, जनसमूदायहरु एउटै तर विशाल पृष्ठभूमिमा उभिनुको अर्को सर्वोत्तम विकल्प छैन । तसर्थ मिक्वाखोला गाउँपालिकाले तय गरेको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सबैको आ-आफ्नै ठाउँबाट सद्प्रयासको अपेक्षा राखेको छु ।

## माननीय सदस्य ज्यूहरु,

### (क) कृषि, पशुपालन तथा सहकारी सम्बन्धी नीति

१. अध्यक्ष कृषि आयोजनाः Chairperson Agriculture Project (CAP) यो आयोजना मिक्वाखोला गाउँपालिकाको स्थानीय गौरवको आयोजनाको रुपमा सञ्चालन गरिनेछ। यो आयोजना वहुआयामिक बहुवर्षे आयोजनाको रुपमा रहनेछ । यस आयोजनाले पालिका क्षेत्रमा अलैची, चिया, कफी, धान, मकै, तोरी, सर्स्यु, सुर्यमुखी, जस्ता कृषि उत्पादन साथै मल बिउविजनको व्यवस्था मिलाईनेछ र जनतालाई स्थानीय उत्पादनमा आत्मनिर्भर बनाउन प्रोत्साहन तथा आवश्यक सहयोग तथा सहुलियत प्रदान गरिनेछ।

२. कृषिजन्य नगदेवाली खेतीका लागि किसानहरुलाई आवश्यक प्रविधिहरु हस्तान्तरण गरी दिर्घकालिन आम्दानी बढाउनको लागि विभिन्न कार्यक्रमहरु समावेश गरिने छ ।

३. अलैंचीको गुणस्तर वृद्धि गर्न कृषक सचेतना अभिवृद्धि गर्नका साथै सुधारिएको भट्टी लगाई सामानको गुणस्तर अभिवृद्धि गर्दै बजारीकरण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । साथै अलैची नर्सरीको व्यवस्था गरिनेछ ।

४. जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

५. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिईने छ ।

६. अर्गानिक तरकारी, च्याउ, किवि फलफूल खेती गरी बेरोजगार युवाहरुमा लक्षित गरी स्वरोजगार बनाउन नीजि तथा व्यक्तिगत तवरमा बिशेष प्रोत्साहन प्रदान गरिनेछ ।

७. जैविक मल तथा जैविक विषादी उत्पादन गर्ने निजि फर्म, कृषक समूह, सहकारीहरुलाई उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

८. भौगोलिक तथा हावापानी अनुसार सुहाउँदो फलफुलहरुको बोट विरुवा लगाई क्षेत्र बिस्तार गरिने छ ।

९. व्यवसायिक पशुपालन तथा पंछी पालनलाई प्रोत्साहन तथा प्राथमिकता दिइनेछ ।

१०. अलैंची खेतीका अतिरिक्त उन्नत घाँस र जर्सी गाईबाट दुग्ध उत्पादनमा बृद्धि गर्ने साथै व्यवस्थित बजारीकरण गरिनेछ, साथै नर्सरीको व्यवस्थापन गरिनेछ।

११. मौषमी कृत्रिम गर्भाधानलाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गरी ती स्थानहरुमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गर्दै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

१२. मिक्वाखोला गाउँपालिकाका प्रत्येक वडामा पशु स्वास्थ्य सेवा सुनिश्चत गर्न निजी एग्रोभेट र ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु परिचालनमा गाउँपालिकाको संलग्नता बढाइनेछ ।

१३. चरन तथा खर्क क्षेत्रको संरक्षण, सम्वर्द्धन र सदुपयोगको लागि सरोकारवालाहरुसँग समन्वयात्मक कार्य गरिनेछ ।

१४. उन्नत जातको पशुपंक्षी व्यवसायीहरुलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ ।

१५. उन्नत जातको भेडा, बाख्रा, याक, चौरी, गाई, भैसी लगायत अन्य पशुपन्छीको आधुनिक फर्मको विकास गर्न जोड दिइनेछ।

१६. हिउँदमा पशुहरुको आहारा आपूर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान, संरक्षण स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ ।

१७. यस गाउँपालिकाको आश्यकतालाई पहिचान गरी फलफुल तथा तरकारी संकलन केन्द्र र आधुनिक बधशाला निर्माण गरिनेछ ।

१८. मत्स्य पालन कार्यक्रम संघ र प्रदेश सँगको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

१९. गाउँपालिका भित्रको कृषकहरु मध्येबाट उत्कृष्ट काम गर्नेलाई सम्मान कार्यक्रमको व्यवस्था मिलाईने छ ।

२०. मिक्वाखोला गाउँपालिका भित्र रहेको सहकारी संस्थाहरुमा शेयर सदस्यमा आधारित भएर लगानी गर्न आवश्यक नीति तय गरी कार्यान्वयन गरिनेछ ।

२१. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीमा आधारित विक्री वितरण प्रणाली (Co-operative Marketing System) लाई प्रोत्साहन गरिनेछ ।

२२. गाउँपालिका भित्र माटो परीक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

२३. कृर्षी उत्पादन वृद्धि गर्नको लागि भूगोल अनुसारको माटो परीक्षण गरी उचित खेती गर्न/गराउन कृषक समूह तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिने व्यवस्था मिलाईनेछ ।

२४. पालीका भित्र सामुहिक रुपमा खेती तथा व्यवसाय गर्न कृषक समूह तथा सहकारी संस्थाहरुलाई विषेश प्राथिमिकता दिई प्रोत्साहन तथा अनुदानको व्यवस्था मिलाईनेछ ।

**माननीय सदस्य ज्यूहरु,**

## (ख) <u>शिक्षा सम्बन्धी नीति</u>

१. "शिक्षामा लगानी, ल्याउछ सुनौलो विहानी" भन्ने मर्ममा आधारित शिक्षामा लगानी बढाईनेछ ।

२. विद्यालय निरिक्षण र सुपरिवेक्षण नियमित गरिनेछ।

३. वि.व्य.स., प्र.अ., अविभावक र शिक्षकको क्षमता विकास गर्नको लागि छुट्टाछुट्टै कार्यक्रम व्यवस्थापन गरिनेछ ।

४. नयाँ पाठ्यक्रम लागु भएका कक्षाहरुमा पाठ्यक्रम व्यवस्थापन गरिनेछ ।

५. शिक्षा नियमावलीका आधारमा बिद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वडा शिक्षा समितिको गठन गरी शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६. बिद्यालयलाई प्रदान गरिने बिभिन्न अनुदान रकमहरुलाई लक्षित बर्ग सम्म पुऱ्याउन आर्थिक पारदर्शीताको नीति अवलम्वन गरिनेछ र बिद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यन्वयन गरिनेछ ।

७. सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा बिद्यालय बाहिर रहेका बिद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारीक शिक्षाको मुल प्रवाहमा समेट्न बिभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

८. अनुमति प्रदान गरिएका बिद्यालयहरुमा आवश्यक दरबन्दी प्रदान गर्न पहल गरिनेछ। मिक्वाखोला गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरी विभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सक्ने व्यवस्था मिलाईनेछ ।

९. यस मिक्वाखोला गाउँपालिका अन्तर्गतका बिद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ । साथै विद्यालयमा १ (एक) खेलकुद प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।

१०. स्थानीय पाठ्यक्रमको विषयमा यस गाउँपालिकाको आवश्यकतालाई पहिचान गरी मातृभाषा तथा उत्पादनमूलक विषयवस्तुको छनौट गरी स्वरोजगारको वातावरण सृजना गरिने छ।

११. मिक्वाखोला गाउँपालिकाबाट सर्वोत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्ति दिने नीतिलाई अवलम्बन गरिनेछ ।

१२. विद्यालयका शिक्षकहरुलाई अध्यापन अनुमतिपत्रको अनिवार्यतालाई शिक्षा ऐन तथा नियमावलीको अधीनमा रही थप परिष्कार एवं परिमार्जन गर्ने कार्यविधि बनाइनेछ ।

१३. विद्यालय भवन तथा शौचालय निर्माण, गुणस्तरिय शिक्षा र स्वच्छ खानेपानीको लागि सरकारी तथा गैह्र सरकारी संस्था, भारतिय राजदुताबास र H.P.F., UWS, Read Nepal सँग साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

१४. राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार स्थानीय पाठ्यक्रम लागु गरिनेछ ।

१५. शिक्षा क्षेत्रको नीतिगत सुदृढीकरणको लागि गाउँशिक्षा नीति, शिक्षा सम्बन्धी विभिन्न कानुनी व्यवस्थाको सुनिश्चित गरिनेछ र गाउँशिक्षा योजना निर्माण गरी लागू गरिने छ ।

१६. वालविकास सहजकर्ता विद्यालय सहयोगी तथा विद्यालय कर्मचारीहरुलाई समयानुकुल प्रोत्साहन भत्ता, पोशाक भत्ता पुनरावलोकन गरिने छ ।

१७. शिक्षक तथा प्र.अ.हरुको क्षमता अभिवृद्धी गर्न सूचना प्रविधि, लेखा सम्बन्धी तालिम तथा समूह सिकाई जस्ता कार्यक्रम लागू गरिने छ । साथै प्र.अ. वैठक भत्ता तथा मासिक भत्ता पुनरावलोकन गरिने छ ।

१८. गा.पा. स्तरीय कक्षा ८ को परीक्षा व्यवस्थापनको लागि दिगो श्रोत निर्धारण तथा विज्ञ छनौट जस्ता व्यस्थापकीय पक्षलाई सुदृढीकरण गरिने छ ।

१९. समयसापेक्ष शिक्षा निति बनाई प्राविधिक शिक्षालाई जोड दिदै सामुदायिक विद्यालय तर्फ कक्षा १२ सम्मको अध्ययनलाई निःशुल्क बनाउन आवश्यक पुर्वाधार तथा कार्यक्रमहरु गरिने छ ।

२०. मिक्वाखोला गाउँपालिका भित्र रहेको विद्यालयहरुले दरबन्दीमा रहेको बिषय परिवर्तन गर्न नपाउने व्यवस्था गरिनेछ ।

२१. वालविकास कक्षा र १ कक्षा सम्म सबै विद्यालयहरुमा अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

२२. H.P.F. संस्था द्वारा कम्प्युटर ल्याव उपलब्ध गराई कम्प्युटर कक्षा संचालनमा रहेको विद्यालयमा उक्त संस्थाले कार्यक्रम नदिएको खण्डमा पनि पालिकाको समन्वयमा यसलाई सुचारु गर्ने व्यवस्था मिलाईनेछ ।

२३. पालिकामा रहेको सामुदायिक विद्यालयमा रहेको छात्राहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै सेनेटरी प्याडको व्यवस्था मिलाईनेछ ।

**माननीय सदस्य ज्यूहरु,**

## (ग) <u>स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति</u>

१. बिरामीहरुको सेवा पुऱ्याउने उद्देश्यले खोक्लिङ र लिवाङका जनताहरुलाई सेवा दिनको लागि खोक्लिङ स्वास्थ्य चौकीमा १ एम्बुलेन्स र साँवा र पापुङका जनताहरुलाई सेवा दिनको लागि साँवा स्वास्थ्य चौकीमा १ एम्बुलेन्स रहने व्यवस्था गरिनेछ । साथै सहुलियत दररेटमा पालिका भित्रका जनतालाई सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

२. मुटु, मृगौला र क्यान्सर रोगीलाई नेपाल सरकारबाट दिईने सेवा पालिका बाटै उपलब्ध गराईने व्यवस्था मिलाईने छ ।

३. मिक्वाखोला गाउँपालिका भित्र मदिरा, सुर्ति जन्य मादक पदार्थ, लागु पदार्थहरुको प्रयोग निरुत्साहित गर्ने कार्यक्रम लागु गरिनेछ।

४. विश्वव्यापी महामारीको रुपमा फैलिन सक्ने संक्रमणलाई रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यक्रमहरु समावेश गरिनुका साथै स्वास्थ्य पुर्वाधार निर्माणका लागि जोड दिईने छ ।
५. गर्भवती महिलालाई घरमा गराईने सुत्केरी अवस्थालाई शुन्य गराई वर्थिङ सेन्टरमा सुत्केरी गराउन प्रोत्साहित गरिने छ ।
६. पुर्ण खोपको अवधारणालाई मध्यनजर गर्दै घर धुरी सर्वेक्षण गरी खोप लगाउन बाट छुट भएको बच्चालाई खोपकेन्द्रमा गई खोप लगाउन उत्साहित गरिने छ ।
७. ७० बर्ष भन्दा माथिको वृद्धवृद्धाहरुलाई प्रत्येक वडामा विमा र स्वास्थ्य शिविरको व्यवस्था मिलाइनेछ।
८. दिर्घ रोगी, आपतकालिन महिला, वृद्धा, गरिव, विपन्नहरुलाई मध्यनजर गरी औषधी उपचार कोषको माध्यमबाट सहयोग गरिनेछ । साथै भैपरी आउने विपद् जोखिमलाई मध्यनजर गर्दै आपतकालीन राहत कोषको व्यवस्था गरिने छ ।
९. पालिका भित्र रहेका विरामी, गर्भवती महिलाहरुलाई भिडियो एक्सरे र ल्याव मार्फत सेवा सुविधा उपलब्ध गराईनेछ। साथै स्वास्थ्य कर्मीको तालिमको समेत व्यवस्थापन मिलाईने छ ।
१०. गर्भवती तथा सुत्केरी आमाहरुलाई एम्बुलेन्सको व्यवस्थापन गरी रिफर गरिएको अस्पताल सम्म पुऱ्याउने व्यवस्था गरिनेछ ।
११. एक बर्ष मुनिका वालवालिकाहरुलाई नियमित खोप मार्फत खोप लगाउने व्यवस्थापन गरिनेछ ।
१२. दलैचा, काँडे र ओझागाउँमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने व्यवस्था मिलाईने छ, साथै किलिङमा खोप केन्द्र र स्वास्थ्य इकाई स्थापना गरिनेछ।
१३. गाउँपालिकाको पहिलो पाँच सौयाको अस्पताललाई संचालनमा ल्याइने छ र आवश्यक स्वास्थ्य प्राविधिक तथा उपकरणहरुको व्यवस्था गरिने छ।
१४. मिक्वाखोला गाउँपालिका वडा नं. २ मा स्वास्थ्य चौकी स्थापना गर्न संघ र प्रदेश सरकार संग पहल गरिनेछ।

**माननीय सदस्य ज्यूहरु,**

## (घ) खेलकुद सम्बन्धी नीति

१. विद्यालय स्तरबाट उत्कृष्ट खेलाडी उत्पादनका लागि मिक्वाखोला गाउँपालिकामा रहेका सबै बिद्यालयहरुमा खेलकूद सामाग्रीको ब्यवस्था मिलाइनेछ ।

२. स्थानीय भाषा संस्कृति चाँड पर्व सभ्यतालाई जगेर्ना गर्न विभिन्न किसिमका साँस्कृतिक तथा खेलकुद कार्यक्रमको आयोजना गरिने छ।

३. हरेक खेलाडी उत्पादन गर्नको लागि १ (एक) प्रशिक्षकको नियुक्ति गर्ने व्यवस्था मिलाईने छ ।

४. पालिका भित्रका विद्यालयहरुमा राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता संचालन गरिने छ।

५. स्थानीय स्तरमा आयोजना गरिने खेलकुद प्रतियोगिताहरुलाई उचित बजेट व्यवस्थापन गरिने छ।

६. लोपउन्मुख स्थानीय खेलहरुलाई पुनर्जागरण गर्न पहल गरिने छ।

७. संघ, प्रदेश सरकारलाई एक (१) गाउँपालिका एक (१) रंगशाला र विद्यालय खेलमैदानको लागि पहल गर्ने व्यवस्था मिलाईनेछ ।

८. गाउँपालिका भित्र र जिल्लामा खेलाईने खेलकुद कार्यक्रमको लागि एकमुष्ट प्याकेजमा बजेटको व्यवस्था मिलाईनेछ ।

**माननीय सदस्य ज्यूहरु,**

## (ङ) खानेपानी, सिंचाई तथा सरसफाई सम्बन्धी

१. पानीका मुहानहरुको संरक्षण गरि गाउँपालिका भरी स्वच्छ सफा खानेपानीको व्यवस्थाको लागि एक घर, एक धारा खानेपानी उपलब्धताको लागि विकासका साझेदार हरुको सहयोग र समन्वय मा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा शुरु गरिएका क्रमागत आयोजनाहरु लाई प्राथमिकता राख्दै थप संभावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जुमा गरिनेछ।

३. गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्नको लागि आवश्यक सुचकांक तयार गरी सो पुरा भएपछि अध्ययन गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

४. गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक ब्यवस्थापन गर्न पहल गरिनेछ।

५. सुरक्षित खानेपानी व्यवस्थापनका लागि सफा, स्वच्छ मुहान छनौट गरी सबै वडामा बृहत् खानेपानी परियोजना आवश्यकता अनुसार लागु गरिनेछ ।

६. गाउँपालिका भित्र संघ र प्रदेश तथा अन्य संघ संस्थाहरुको साझेदारीमा सबै वडाहरुमा खानेपानीको व्यवस्था मिलाइनेछ।

७. मिक्वाखोला गाउँपालिका भित्र प्रदेश र संघको समन्वयमा तमोर-मेवा खोला लिफ्टिङ सिचाई कार्यक्रम वडा नं. १ र २ मा डिपिआर अनुसारको बजेट व्यवस्थापन गर्न पहल गरिनेछ।

८. गाउँपालिका भित्र सिंचाई गर्नको लागि प्रदेश र संघ संग
भष्मेखोला सिंचाई आयोजना – मिक्वाखोला – १,
हाङगुडे-खैरेनी-खुर्पादिन सिंचाई आयोजना – मिक्वाखोला – २
थुम्बाखोला वैराखु थापागाउँ सिंचाई आयोजना – मिक्वाखोला – २ मा पहल गरि संचालनमा ल्याउने व्यवस्था मिलाइने छ।

**माननीय सदस्य ज्यूहरु,**

**(च) विद्युत तथा उर्जा सम्बन्धी निति**

१. मिक्वाखोला गाउँपालिका कार्यालय, वडा कार्यालय स्वास्थ्य संस्था, विद्यालय तथा वस्तिहरुमा राष्ट्रिय विद्युत प्रशारण लाईनको पँहुच पुऱ्याइदै लगिने छ।

२. पालिका भित्र संचालनमा रहेका लघु जलविद्युत परियोजनालाई दिगो तथा भर्पर्दो बनाउन आवश्यक सहयोग गरिनेछ।

३. गाउँवासीले दैनिक रुपमा खाना पकाउन प्रयोग गर्ने इन्धनको रुपमा रहेको दाउरा बाट आउने धुवाबाट स्वास्थ्यमा हुने प्रतिकूल असरलाई कम गर्न सुधारिएको चुलो, ग्यास चुलो तथा विद्युतिय चुलोद्वारा प्रतिस्थापन गर्दै लगिने छ।

४. ठूला जलविद्युत आयोजना कार्यान्वयनमा आउनु अगाडि साना जलविद्युत आयोजनालाई पनि सुदृढ गरि विद्युत प्रत्येक वस्तीहरुमा सूचारु गरिनेछ ।

५. गाउँपालिका भित्र संचालित हाईड्रोपावरहरुलाई गाउँपालिकामा सुचिकृत गराई बर्षभरि गरिएको कामको प्रतिवेदन पेश गर्न लाउने व्यवस्था गरिनेछ । साथै काम गर्ने क्रममा बाधाविरोध आएमा गाउँपालिकाले समन्वय गर्ने व्यवस्था मिलाईनेछ ।

**माननीय सदस्य ज्यूहरु,**

**(छ) भाषा, धर्म, संस्कृती तथा पर्यटन सम्बन्धी नीति**

१. पालिका भित्र रहेका विभिन्न मातृभाषाहरुको संरक्षण तथा संबर्धनमा विशेष पहल गरिनेछ, साथै आफ्नै श्रोत व्यवस्थापन गरेर मातृ भाषामा शिक्षा दिने विद्यालयलाई पाठ्यपुस्तकको व्यवस्थापन गरिनेछ।

२. बाघथला, मानाभरा, लोदेन पर्यटकीय पदमार्ग नक्सांकन (Eco-Tourism Rout Mapping) कार्य सम्पन्न गरिने छ ।

३. गाउँपालिका फुङफुङ्गे झरना, ओत्रोक पोखरी, वाग्वा पोखरी र मानाभरा डाँडा सम्मको क्षेत्रलाई पर्यटकीय हबको रुपमा विकास गर्न प्रदेश तथा संघ सँग साझेदारी गरी पुर्वाधार निर्माण गरिने छ ।

४. गाउँपालिकाको प्रमुख धार्मिक एंव पर्यटकीय स्थल फङफङदेन क्षेत्रको प्रचार प्रसार र प्रबर्द्धनको लागि हरेक बर्ष संविधान दिवस (३ असोज) को अवसरमा अध्यक्ष कप र फुङफुङे महोत्सव आयोजना गरिने छ।
५. मिक्वाखोला गाउँपालिका भित्र रहेका संस्कृतिक तथा पुरात्वातिक गुम्बा, मन्दिर, मांहिम, मुन्धुमे, किरात तथा चर्च हरुलाई संरक्षणको व्यवस्थापन मिलाइने छ।
६. यस मिक्वाखोला गाउँपालिकाको क्षेत्र भित्र पर्ने समग्र पर्यटकीय क्षेत्रको पहिचान गरी पूर्वाधार निर्माण सम्बन्धी उपयुक्त नीति अवलम्बन गरिनेछ ।
७. यस गाउँपालिकाको बागथला, फुङफुङ्गे झरना, सोदोपोखरी, भूत पोखरी, तोक्पेगोला हुँदै तिब्बत सम्मको पर्यटकीय पदमार्ग निर्माण गरिनेछ । सो लागि संघ, प्रदेश, गैसस तथा सरकारी निकायहरु संग सहकार्य गरिनेछ ।
८. यस गाउँपालिका क्षेत्रभित्र रहेको पर्यटकिय क्षेत्रहरुको प्रबर्दनको लागि प्रचार प्रसार गरिनेछ ।
९. आन्तरिक तथा बाह्य पर्यटकहरु आकर्षित गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. लुम्बाखुम्बा हिमाल, तोक्पेगोला, सोदु पोखरी, फुङफुङ्गे झरना, मानाभारा डाँडा, वागथला, ओत्रक पोखरी, जुङलुङ गुम्बा, कोयेंक डाँडा हेङखाम पोखरी, लोदेन टार जस्ता स्थानहरुलाई मिक्वाखोला गाउँपालिकाको आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक कार्यक्रम तय गरिने छ । साथै फुङफुङ्गे पर्यटकीय क्षेत्रलाई विस्तार गरिने छ ।

११. यस गाउँपालिका क्षेत्रभित्र रहेका ताल, तलैया तथा पोखरीहरुको भौगर्भिक अध्ययन गरि उक्त क्षेत्रहरुलाई रामसार सन्धीबाट स्थापित आधारहरु पुरा हुन सक्ने भएमा सिमसार क्षेत्र घोषणा गरी संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१२. मिक्वाखोला गाउँपालिका वडा नं. ०५ पापुङमा पर्यटनको विकास गर्नको लागि तोक्पेगोला महोत्सव कार्यक्रम गर्ने व्यवस्था मिलाईनेछ ।

**माननीय सदस्य ज्यूहरु,**

## (ज) <u>भौतिक पूर्वाधार तथा सडक सम्बन्धी नीतिः</u>

१. मिक्वाखोला गाउँपालिका आउने मुख्य बाटो DPR दुगुर्ने-खोक्लिङ-लिवाङ-साँवा-पापुङ मुख्य मोटर बाटोलाई स्तरउन्नती गरि ८ मिटर चौडा बनाई ग्राभल र कालोपत्रे गरि रणनीतिक महत्वको मोटरबाटोको रुपमा स्तरउन्नती गरी बाह्रै महिना चल्ने बनाइने छ।

२. पालिका भित्र खोलिएका ट्र्याकहरुलाई मर्मत कोषको स्थापना गरि स्तरउन्नती गर्ने कार्यलाई प्राथमिकताका साथ द्रुत गतिमा अगाडि बढाईनेछ ।

३. कृषि सडकहरुलाई ४ मिटरको लागु गरिने छ।

४. गाउँपालिकाको मध्यकालिन खर्च संरचना बनाई लागु गरिने छ।

५. गाउँपालिकाको प्रशासकीय भवन, स्वास्थ्य संस्थाहरुको भवन, पर्यटकीय तथा सामाजिक ऐतिहासिक महत्व वोकेको स्थलहरु बजेटको सुनिश्चितता सहित कार्यक्रम तर्जुमा गरि निर्माण कार्यलाई प्रवल रुपमा अगाडी लगिने छ ।

६. सहज रुपमा आवात-जावत गर्न तथा जिल्ला सदरमुकाम सँग जोड्न प्रदेश सरकार तथा नेपाल सरकार सँग साझेदारी गरी बजेटको सुनिश्चितता गर्ने साथै दुगुर्ने देखि फुङफुङे हुदै पापुङ सम्मको सडक कालोपत्रे गर्न डिपिआर गर्ने व्यवस्था मिलाइनेछ।

७. गाउँपालिका क्षेत्रभित्र निर्माण भएका मोटरबाटोहरुको स्तरउन्नती गरी वाह्रैमास चल्ने बनाउन सडक गुरुयोजना निर्माण गर्नको लागि उचित बजेटको व्यवस्था गरिने छ ।

८. संघीय र प्रदेश सरकार तथा दातृ निकायहरु सँग साझेदारीमा संचालन हुने आयोजनाहरुको यकिन गरी समपुरक कोष (Matching Fund) को व्यवस्था गरिने छ ।

९. वस्ती स्तरवाट छनौट भएका योजना कार्यक्रमहरुको प्राथमिकता निर्धारण गर्दा श्रम तथा वातावरण मैत्री, आयआर्जन तथा छिटो प्रतिफल दिने र जनसहभागितामा आधारित योजना तथा कार्यक्रमहरु तर्जुमा गरी रकम विनियोजन गरिने छ।

१०. सडक लगायत भौतिक पूर्वाधार निर्माण कार्यलाई दीगो, वातावरणमैत्री र छिटो छरितो ढंगबाट गुणस्तरीय रुपमा निर्माण गरिनेछ ।

११. यस मिक्वाखोला गाउँपालिकाको सबै वडाहरु छुनेगरी मोटरबाटो निर्माण तथा विस्तार गरिनेछ।
१२. वडा स्तरका सडक तथा गोरेटा बाटाहरुलाई सम्भाव्यता अध्ययन पछि मात्र योजना छनौट गरी बजेट विनियोजन गरिनेछ ।
१३. वस्तीको अध्ययन गरी आवश्यकता अनुसार र नभई नहुने, नगरी नहुने योजनाको प्राथमिकीकरण गरिनेछ ।
१४. खानी उत्खनन गर्न नियमानुसार दर्ता प्रक्रियालाई सरलीकरण गरिनेछ । साथै सम्भाव्यता अध्ययन गरी विभिन्न खानीहरु जस्तै ( ढुङ्गामा एकुमेरिन, टुरमालिङ, निलम, स्काई ढुङ्गा आदी), सुन, तामा, पित्तल, फलाम आदी उत्खनन तथा बिक्री वितरण प्रणाली लागु गरिनेछ ।
१५. मूख्य सडक सञ्जालबाट टाढा भएका वस्ती तथा प्राकृतिक सम्पदाहरु मूल्याङ्कन गरी पक्की पुल व्यवस्थापन गरि काठेपुलहरुलाई विस्थापित गरिनेछ ।
१६. नयाँ भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी र काठको मात्रा कम हुने गरी लागत अनुमान (Design Estimate) तयार गर्ने नीति लिईनेछ ।
१७. भू-कम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजि भवन तथा घरहरुमा क्रमिक रुपमा लागु गरिनेछ ।
१८. मिक्वाखोला गाउँपालिकामा रहेका ग्रामीण सडक सञ्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति तर्जुमा र कार्यान्वयन गरिनेछ ।
१९. कुनै पनि आयोजना छनौट गर्दा भविष्यलाई समेत मध्यनजर गरी आयोजना छनौट गरिनेछ।
२०. गाउँपालिका क्षेत्र भित्र संचालन हुने आयोजनाहरुको लागत अनुमान गरी आयोजनाहरुको डिजाईन स्विकृती आयोजनाको कार्यसम्पन्न प्रतिवेदन तयारी आयोजनाको स्विकृती लागत

अनुमान तथा डिजाईन बमोजिम कार्य भए नभएको निरन्तर प्राविधिक अनुगमन र मुल्यांकन गरिनेछ ।

२१. गाउँपालिका भित्रका निम्न योजनाहरुलाई गौरवका आयोजनाको रुपमा ५ बर्ष सम्म निरन्तरता दिई कार्यक्रम संचालन गरिनेछ ।

| क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १. | खोक्लिङ, लिवाङ, साँवा, पापुङ जोड्ने मोटरबाटो निर्माण | |
| २. | डाँडागाउँ बस्ती विकास आयोजना | |
| ३. | फुङफुङे पर्यटकिय विस्तार तथा प्रचार प्रसार | |
| ४. | अध्यक्ष कृषि कोष परियोजना | |
| ५. | उपाध्यक्ष स्वरोजगार कार्यक्रम | |
| ६. | विद्युतिय चुलो वितरण कार्यक्रम | |
| ७. | प्रमुख प्रशासकीय भवन निर्माण | |
| ८. | पाँच सैयाको अस्पताल | |
| ९. | वडा नं. ५ को स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टर | |
| १०. | डि.पि.आर | |
| ११. | ३ वटा स्वागत प्रवेशद्वार स्थापना गरिनेछ | |
| १२. | वडा कृषि सडक विस्तार तथा स्तरोन्नती | |
| १३. | न्यानो लुगा तथा कपडा वितरण | |
| १४. | कृषि तथा पशुपालन कार्यक्रम | |
| १५. | मङयुङ्ग माङ्गेनायक निर्माण | |
| १६. | खाम्लुङ र दुङजा जोड्ने मोटरेवल पुल | |
| १७. | लेमलेम पञ्चेश्वरी चिनावुङ मोटरबाटो निर्माण | |
| १८. | वडा नं. २ स्वास्थ्य भवन निर्माण | |
| १९. | ओझागाउँ आ.वि. भवन निर्माण | |

२२. गाउँपालिका भित्र रहेको योजनाहरु सम्झौता गरेको १ महिना भित्र काम सुचारु नगरेमा ठेक्का रद्ध गर्ने व्यवस्था मिलाइने छ।

२३. सम्झौताको म्याद भित्र योजना/कार्यक्रम सम्पन्न गर्न नसक्ने फर्म/संस्थालाई चित्त बुझ्दो कारण नदेखाएमा कारवाहीको साथै जरिवाना लगाईने व्यवस्था मिलाईनेछ ।

२४. पालिका भित्रका गौरवको योजनाहरुलाई श्रोत सुनिस्चित गर्न मध्यकालिन खर्च संरचना निर्माण (MTEF) गरि लागु गरिनेछ ।

२५. सडकलाई निरन्तर संचालन गर्नको लागि पक्की पुल वडा नं. ३ को हाडीखोलामा र वडा नं. ४ र ५ को दलैचा-पापुङमा पक्की पुलको लागि संघ र प्रदेश सरकार सँग पहल गर्ने व्यवस्था मिलाईनेछ ।

२६. ५ लाख भन्दा माथिको योजनाहरु मात्र विनियोजन गरि संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

## माननीय सदस्य ज्यूहरु,

**(झ)<u>लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीतिः</u>**

१. भौतिक संरचना निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री भवन निर्माण गरिनेछ।

२. सार्वजनिक भवनहरुमा स्तनपान कक्षको व्यवस्था गरिनेछ।

३. गाउँपालिका भित्र रहेका महिला आमा समूहको क्षमता अभिवृद्धि गर्न चेतनामुलक तथा शिपमुलक तालिमको व्यवस्था गरिने छ ।

४. लैंगिक विभेदलाई न्यूनिकरण गर्न विभिन्न कार्यक्रमहरू आयोजना गरिने छ ।

५. महिलालाई आर्थिक कृयाकलापमा सक्रिय बनाउन महिला उद्यमशिलता कार्यक्रम सञ्चालन गरिने छ ।

६. गाउँपालिका भित्रका परम्परागत पेशाको संरक्षण, सम्वर्धन तथा आधुनिकिकरणको लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

७. जातीय छुवाछुत तथा भेदभावलाई न्यूनिकरण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

८. गाउँपालिका स्तरीय बाल क्लब गठन गरी समाजमा रहेका विकृतिहरू जस्तैः बालविवाह, लागूपदार्थ, दुर्व्यशनी, बाल श्रम शोषण, घरेलु हिंसा रोक्न तथा न्यूनिकरण गर्न अभियान सञ्चालन गरिने छ।
९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको हरेक महिना नयाँ नाम दर्ता, लगत कट्टा, परिचय पत्र बितरण गरिनेछ।
१०. सामाजिक सुरक्षा भत्ता त्रैमाशिक रुपमा बैंक संगको सहकार्यमा वडा स्तरबाटनै बितरण गर्ने व्यवस्था मिलाइनेछ ।
११. सामाजिक सुरक्षा भत्ता वितरण गर्दा प्रत्येक लाभग्राहीहरुलाई बैकमार्फत सामाजिक सुरक्षा खाता खोली सोही खाता मार्फत रकम भुक्तानी गरिनेछ ।
१२. दलित आवास कार्यक्रम संचालन गरिनेछ ।
१३. अपाङ्ग रोकथाम तथा पुनःस्थापनाको लागि प्रदेश सामाजिक विकास मन्त्रालय तथा करुणा फाउन्डेसन सँग साझेदारीको व्यवस्था मिलाईनेछ ।
१४. लागु औषध तथा दुर्व्यसन न्युनिकरण गर्न विविध सचेतना कार्यक्रम गर्ने व्यवस्था मिलाईनेछ ।

**माननीय सदस्य ज्यूहरु,**

## (ञ) <u>रोजगार तथा व्यवसाय प्रवर्धन सम्बन्धी नीति</u>

१. उपाध्यक्ष स्वरोजगार कार्यक्रम संचालन गरि स्थानीय कृषि, पशु व्यवसाय उद्यमसिलतालाइ जोड दिदै समुदायलाई स्वरोजगार मुखि बनाइने छ।
२. जडिबुटी उत्पादनको पकेट क्षेत्र पहिचान गरी जडिबुटि प्रशोधन तथा सुगन्धित तेल उत्पादन उद्योग साथै विभिन्न उद्योग स्थापना गर्न आवश्यक नीति अवलम्बन गरिने छ।
३. पर्यटन तथा पशुपालन व्यवसायका लागि प्रवर्धनात्मक कार्यक्रमहरु समावेश गरिने छ ।
४. जडिबुटी प्रशोधन कम्पनी, नर्सरी केन्द्र र नमुना आधुनिक खेती व्यवसायलाई बढावा दिइनेछ ।
५. गाउँपालिकाको सबै वडाहरुलाई प्रदान गरिने कृषि आधुनिकिकरण परियोजना अन्तर्गत उत्पादन हुने बाली तथा अनाजको आधारमा पकेट क्षेत्र कायम गरिने छ ।

६. युवा तथा वेरोजगार वर्गलाई लक्षित गरी सिपमुलक तालिमहरु संचालन गरी व्यवसायिक वनाउने कार्यक्रमहरु तर्जुमा गरिने छ ।

७. स्थानीय तहमा दिर्घकालिन रोजगारी सिर्जना तथा वेरोजगारी न्युनिकरणको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सँग स्थानीय तह साझेदारी मार्फत सिप विकास तालिम, कार्यक्रम तथा आयोजनाहरु संचालन गरिनेछ ।

**माननीय सदस्य ज्यूहरु,**

## (ट) वन बातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

१. विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्युनीकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ ।

२. विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन गरिनेछ ।

३. वर्तमान अवस्थामा महामारीको रुपमा फैलिन सक्ने विविध रोगलाई रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

४. विपद् जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको स्थानान्तरण, विपद् पुर्वतयारी, खोज तथा उद्दार राहत सामाग्रीको पुर्व भण्डारण, वितरण र समन्वय गरिने छ ।

५. जल तथा भूमिको संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

६. जलवायु परिवर्तनबाट पारिस्थिकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनिकरण तथा अनुकुलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

७. वन व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही, उत्तरदायी र समावेशी बनाई सक्षम बनाइनेछ ।

८. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ ।

९. विपद् न्यूनिकरण सम्बन्धी पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१०. विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण वितरण र समन्वय गरिनेछ ।

## माननीय सदस्य ज्यूहरु,

### (ठ) भूमि वर्गिकरण तथा व्यवस्थापन सम्बन्धी नीति

१. भूमिहिन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवास गरेका नागरिकहरुलाई संघ, प्रदेश र गाउँपालिकाको सहकार्यमा जग्गाको व्यवस्था मिलाउन पहल गरिने छ।

२. गाउँपालिका भरिका अतिक्रमित जग्गाहरु पूर्णरुपमा गाउँपालिकाको मातहतमा ल्याई उपयोग नभएका सार्वजनिक जग्गाहरु सम्भाव्यता अध्ययन गरी सोही अनुरुप योजना छनौट गरी आय आर्जनमा टेवा पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।

३. मिक्वाखोला गाउँपालिका भित्र सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

## माननीय सदस्य ज्यूहरु,

### (ड) संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीति

१. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा मातहतका कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (Organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली (Career Development System) लाई व्यवस्थित गरिनेछ ।

२. गाउँपालिको दरवन्दी अनुसार सम्पूर्ण पदहरुमा लोकसेवा आयोग मार्फत स्थायी पदपूर्तिमा जोड दिइने छ, आवश्यक रहेको अवस्थामा करारमा राखि समेत सेवा प्रवाह चुस्तदुरुस्त बनाइनेछ।

३. गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली (Tax System)लाई फराकिलो तथा प्रभावकारी बनाइनेछ ।

४. मिक्वाखोला गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका विनियम, निर्देशिका तथा कार्यविधिहरु तय गरिनेछ ।

५. गाउँपालिका भित्र रहेका सम्पुर्ण निर्माण व्यवसायी, संघसस्था, समूह, सहकारी, हाईड्रोपावर, किराना पसल, होटल सबैलाई पालिकामा सूचिकृत/दर्ता अनिवार्य रुपमा गरि करको दायरामा ल्याईनेछ ।

६. गाउँपालिका स्थित सार्वजनिक निकायहरुमा कर्मचारीहरुद्वारा सम्पादनहुने सेवा प्रवाह तथा कामकार्वाहीको उचित मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारी छनौट गरि पुरस्कार को व्यवस्था गरिने छ।

७. नागरिक वडापत्र प्रत्येक कार्यालयमा खडा गरिनेछ।

८. क्षमता विकास योजना (Capacity Development Plan) अनुसार कर्मचारीको आवश्यकता र चाहना अनुरुप तालिम प्रदान गरिनेछ ।

९. पालिका प्रहरीहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०. उजुरी पेटिका सबै वडामा समेत राखी जनताको गुनासोहरुलाई संबोधन गरिनेछ।

११. मिक्वाखोला गाउँपालिकाबाट योजना तथा कार्यक्रम संचालनमा पारदर्शिता र जवाफदेहिता बढाउन प्रत्येक आ.व. सकिएको २ महिना भित्र सार्वजनिक सुनुवाई कार्यक्रम गरिनेछ ।

१२. गाउँपालिकाको बस्तुगत बिबरण (Village Profile) तयार गरि कार्यान्वयन गरिनेछ ।

१३. विकास निर्माणका सम्पूर्ण गतिबिधिहरु लाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं सार्वजनिकरण गरिनेछ ।

१४. टेलिभिजन, टेलिफोन तथा ईन्टरनेट सेवाको पहुंच र गुणस्तर अभिबृद्धिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नेपाल टेलिकम, एनसेल र नेपाल टेलिभिजन लगायतका सेवा प्रदायक कम्पनीहरुसँग बिषेश पहल गरिनेछ ।

१५. मिक्वाखोला गाउँपालिकामा संघ र प्रदेशबाट विनियोजित सबै आयोजनाहरुको समेत अनुगमन र मुल्यांकन गरिनेछ।

१६. न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धी गर्नका लागि आवश्यक पुर्वाधार विकास तथा जनशक्ति व्यवस्थापनका लागि पहल गरिनेछ ।

१७. प्रत्येक वडामा १-१ जना वडा सचिव, योजना प्राविधिक, कृषि प्राविधिक, भटेरिनरी प्राविधिक तथा कार्यालय सहयोगीको व्यवस्था गरि कर्मचारी दरवन्दीलाई पूर्णता दिइनेछ।

१८. प्रत्येक विषयगत शाखाका प्रमुखले आ-आफ्नो विषयको मासिक कार्यप्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा बैठकमा पेश गर्नुपर्ने छ।

**१९.** सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि, लेखा प्रणाली साथै कोपोमिस प्रणाली संचालन गर्नको लागि आवश्यक तालिमको व्यवस्थापन गरिनेछ ।

**२०.** बेरुजु न्युनिकरण गर्नको लागि आवश्यक पहल गरि शुन्य बेरुजु बनाउने निति नियमको व्यवस्था मिलाईनेछ ।

**२१.** कर्मचारी र जनप्रतिनिधिहरुलाई कार्यालय संचालन व्यवस्थापन सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गरि जनताहरुलाई सहज सेवा/सुविधा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

**माननीय सदस्य ज्यूहरु,**

सूचना र सञ्चार प्रविधिमा भएको तीव्र विकासले गर्दा आधुनिक विश्व नै एक गाँउ (Global Village) मा रुपान्तरण भएको छ। हालका वर्षहरुमा दिगो विकासका वृहतर लक्ष्य हासिल गर्न अवलम्वन गरिएका नीतिहरुको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहदै आएको छ।

## (ढ) <u>सूचना तथा सञ्चार प्रविधि</u>

१. गाउँपालिका अन्तर्गत रहनुभएका कार्यपालिका सदस्य, वडा सदस्य ज्यूहरु, वडाका कर्मचारीहरु तथा प्र.अ. हरुलाई आवश्यक तालिमको व्यवस्था गरिने छ।

२. मिक्वाखोला गाउँपालिका कार्यालय र मातहतका सबै वडा कार्यालय, स्वास्थ्य चौकी तथा बजार परिसरमा CCTV क्यामरा जडान गरी नियमित अनुगमन गर्ने प्रणालीको क्रमागत विकास गरिने छ।

३. गाउँपालिकाका ५ वटै वडा कार्यालयहरुमा अनलाईन मार्फत राजस्व संकलनका लागि राजस्व व्यवस्थापन प्रणाली (Rajaswa Software) जडानका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

४. सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई पेपरलेस को अवधारणा विकास गरिनेछ ।

५. स्थानिय पत्रपत्रिका तथा एफ.एम. रेडियो सञ्चालनलाई प्रोत्साहन गरिनेछ।

६. गाउँपालिका तथा वडा कार्यालयहरुमा अपुग भएका ICT सम्बन्धी उपकरणहरुको लेखाजोखा गरी आवश्यकता अनुसार कम्प्युटर, प्रिन्टर, ल्यापटपहरुको खरिद गरी वितरणको व्यवस्था गरिनेछ ।

७. गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाउँन नयाँ प्रविधिहरुको प्रयोगमा जोड दिईनेछ ।

८. गाउँपालिकाको कार्यालयमा डाटा सेन्टर निर्माणको लागि आवश्यक पूर्वाधार विकास गर्दै लगिने छ।

९. अभिलेख ब्यवस्थापनमा नविनतम सूचना प्रबिधिको प्रयोग गरी सूचना तथा अभिलेख केन्द्रलाई डिजिटाइजेशनमा प्रवेश गराइनेछ ।

१०. निजी क्षेत्रसंगको सहकार्यमा पालिका भित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमा इन्टरनेटको उपलब्धता पुऱ्याउन पहल गरिनेछ ।

११. विद्युतीय शासन प्रणाली (e-Governance System) मार्फत मिक्वाखोला गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरू,**

अन्त्यमा, यस नीति तथा कार्यक्रमलाई अक्षरांस कार्यान्वयन गर्न सकेको खण्डमा कोशी प्रदेशको उच्च हिमाली जिल्ला ताप्लेजुङको यस मिक्वाखोला गाउँपालिकालाई समृद्ध, सम्मुनत र विकसित गाउँपालिकाको रूपमा विकास गराउन सकिने प्रशस्त सम्भावना रहेको जानकारी गराउदछु । यस गाउँसभाको १८ औं अधिवेशनमा सहभागी उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरू, वडा सदस्य ज्यूहरु नीति तथा कार्यक्रम निर्माणमा खटिनु भएका कर्मचारीहरू, राजनैतिक पाटी, राष्ट्रसेवक, किसान तथा श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, सञ्चारकर्मी तथा पत्रकार लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद!

नमस्कार

भक्त बहादुर कार्की

सभा अध्यक्ष

मिक्वाखोला गाउँसभा